नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५४६ मिति :- २०६७/५/२९

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सबै कार्यालयहरू, इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरु एवं इजाजतपत्र प्राप्त मनिचेञ्जरहरू ।

**विषय :- इ.प्रा.परिपत्र संख्या ५४२ उपर दोश्रो संशोधन सम्बन्धमा ।**

महाशय,

विदेशी मुद्राको खरीद बिक्री कारोवारका सम्बन्धमा मिति २०६७/५/१ मा जारी गरिएको इ.प्रा.परिपत्र संख्याः ५४२ को दफा ७ को खण्ड (क) र (ख) मा देहाए बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. इ.प्रा. परिपत्र संख्याः ५४२ को दफा ७ को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएको छ :-

"(क) परिवर्त्य विदेशी मुद्राका ५० (पचास) र सोभन्दा माथिका दरका नगद नोट खरीद गर्दा बैंक/वित्तीय संस्थाले निर्धारण गरेको औषत विनिमय दरमा बढीमा १.५० (एक दशमलव पाँच) प्रतिशतसम्म कम खरिद दर कायम गरी खरीद गर्न सकिनेछ ।

(ख) परिवर्त्य विदेशी मुद्राका ५० (पचास) भन्दा कम दरका नगद नोट खरीद गर्दा बैंक/वित्तीय संस्थाले निर्धारण गरेको औषत विनिमय दरमा बढीमा २.०० (दुई) प्रतिशतसम्म कम खरिद दर कायम गरी खरिद गर्न सकिनेछ ।"

२. यस विभागबाट मिति २०६७/५/६ मा जारी गरिएको इ.प्रा.परिपत्र संख्या ५४४ को दफा २ खारेज गरिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
४. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
५. श्री नेपाल मनिचेञ्जर एशोसियसन, काठमाण्डौ ।